# सिस्ने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रुकुमकोट, रुकुम (पूर्व)

लुम्बिनी प्रदेश, नेपाल

सुचना नं. २३

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०७९/०८/०६)**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) अन्तर्गत यस सिस्ने गाउँपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमको विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/०७९/०८० | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव:**

(क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उर्तिण भएको।

(ख) **अनुभव र सिप:** देहायको अनुभव र सिप आवश्यक पर्ने छ:

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सिप भएको।
- पूर्वाधार निर्माण र मर्मतको लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने।
- आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न समूहमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सिप सहित कम्तिमा ६ महिनाको अनुभव भएको।

(ग) **उमेर:-** कम्तीमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको।

२. **दरखास्त दिने स्थान:-** सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट, रुकुम (पूर्व)।

३. **दरखास्त दिने अन्तिम मिति:-** २०७९/०८/२३ गते कार्यालय समय भित्र।

४. **आवेदनको दस्तुर:-** रु.१०००।–(एक हजार रुपैयाँ)

५. **छनौटको किसिम:-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परिक्षा।

६. **आवेदनको साथ संलग्न कागजातहरु:-** आवेदक स्वयमले प्रमाणित गरेको देहायबमोजिमको प्रतिलिपिहरु:

- नागरिकताको प्रतिलिपी।
- न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपी।
- चारित्रिक प्रमाणपत्रको प्रतिलिपि।
- अनुभव खुल्ने कागजातहरु।
- दुई प्रति पासपोर्ट साइजको फोटो।

७. **सेवा सुविधा:-** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा(११), (१२) र (१३) बमोजिम हुनेछ।

८. **सम्पादन गर्नुपर्ने कार्यविवरण:-** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ।

(नोट:- आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारीका लागी www.sisnemun.gov.np मा वा कार्यालयको सम्पर्क नं. ०८८-४१३०६४ बाट लिन सकिनेछ।)

(विकास विक्रम शाह)

प्रमुख प्रशासकीय अधिकृत

विकास विक्रम शाह
प्रमुख प्रशासकीय अधिकृत